# रामारोशन गाउँपालिका

## रामारोशन गाउँपालिकाको बजेट बक्तव्य

## आ.व.२०८३/०८४

## मितिः २०८३/०३/३२

## १.१ सभाध्यक्षज्यू
## गाउँसभाका सदस्यज्यूहरु,
## “स्वास्थ्य, शिक्षा, कृषि र पर्यटनको विस्तार, समृद्ध गाउँ पालिकाको आधार”

रामारोशन गाउँपालिकाको गरिमामय गाउँसभाको २० औं अधिवेशनको तेस्रो वैठकमा आ.व.२०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुतीकरण सभामा पाल्नुहुने सभाका सम्पुर्ण सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्न गर्दछु । यो गरिमामय गाउँसभाको अवसरमा राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्र प्राप्ति, तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि भएका जन आन्दोलन एवं बलिदानीपूर्ण संघर्षमा देश र जनताका लागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पुर्ण महान सहिदहरुमा भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न चाहन्छु।

आज हामी नेपालको राजनीतिक व्यवस्था परिवर्तन गरी जनताद्वारा अनुमोदित जनप्रतिनिधि मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा संघ, प्रदेश र स्थानीय तहहरु आ-आफ्नो अधिकार क्षेत्रभित्र रही जनआकांक्षा सम्वोधन तथा दीगो शान्ति, सुशासन विकास र समृद्धिको प्राप्तिको व्यवहारिक अभ्यास गरिरहेका छौं। जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह प्रति नागरिकका अपेक्षाहरु धेरै छन् ती अपेक्षाहरु सम्बोधन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समेत समन्वय गरि क्रमश नागरिकका अपेक्षा तथा आवश्यकताहरु परिपूर्ति गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

## १.२ सभा अध्यक्षज्यू,
## गाउँ सभाका सदस्यज्यूहरु,

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेटको संक्षेपमा समिक्षा प्रस्तुत गर्न चाहान्छु । चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको हालसम्मको आम्दानी तथा खर्चको सारांश यस प्रकार रहेको छ ।

| क्र.सं. | आय शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आय प्रतिशत |
|---|---|---|---|---|
| १ | संघीय सरकारबाट प्राप्त हुने आय | ३७,२०,२०,००० | ३३,४६,७८,२९२ | ८९.९६ |
| २ | प्रदेश सरकारबाट प्राप्त हुने आय | ३,७०,४६,०००. | २,७८,५३,१७९ | ७५.१९ |
| ३ | राजस्व बाँडफाँड(संघ र प्रदेश) | १०,६६,९४,७९५ | १०,४०,७३,१८२ | ९७.५४ |
| ४ | आन्तरिक स्रोत | ४,८७,६२,००० | १,८३,०८,६५२ | ५५.३७ |
| **जम्मा** | | **५६,५५,२२,७९५** | **४९,०३,५४,४८५** | **८६.७१** |

यसरी हालसम्म प्रस्तावित आय र वास्तविक आयको बिचमा १३.२९ प्रतिशतको अन्तर देखिएको छ केही रकम पालिकाको खर्च समयमै नभएको हुदाँ निकासा नभएको र बाँकी रकमले आगामी आर्थिक वर्षमा दायित्वको सिर्जना हुने अवस्था देखाउँछ ।

**यसैगरि चालु आर्थिक वर्षको क्षेत्रगत रुपमा हालसम्मको यथार्थ व्ययको अवस्था यस प्रकार रहेको छ ।**

| क्र.सं. | व्यय शीर्षक | विनियोजित रकम | वास्तविक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,३४,०५,००० | ८५,५२,३६९ | ६३.८ |
| २ | सामाजिक विकास | ३७,०७,१७,००० | ३२,२२,६९,४७३ | ८६.९३ |
| ३ | पूर्वाधार विकास | ६,६८,०९,००० | ४,४८,५१,५४६ | ६७.१३ |
| ४ | सुशासन तथा अन्तरसम्बधित क्षेत्र | ४६,०७,००० | ३२,१७,५५० | ६९.८४ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | १०,८९,८४,७९५ | ८,४६,५८,१४१ | ७७.६८ |
| **जम्मा** | | **५६,५५,२२,७९५** | **४६,३५,४९,०८०** | **८१.११** |

**२.१** यस रामारोशन गाउँपालिको विकास र समृद्धि र सुशासनका लागि आ.व. २०८३।०८४ को प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संघीय तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट सिलिङ्ग, दीगो विकास लक्ष्य, चालु आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य र रणनीतिहरु, आर्थिक वर्ष २०८३/०८४ को संघीय सरकारद्वारा प्रस्तुत बजेट बक्तव्य, आर्थिक वर्ष २०८३/०८४ को सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रस्तुत बजेट तथा कार्यक्रम, स्थानीय तहको नीति, कार्यक्रम तथा बजेट निर्माण र सार्वजनिक सम्पत्ति हस्तान्त्रण कार्यविधि, २०७४ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र गाउँपालिकामा रहेका विषयगत समितिका सुझाबहरुलाई आधारको रुपमा लिइएको छ।

**२.२ सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित बजेटका उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।

- विद्यालयमा डिजिटल सिकाइ, सूचना प्रविधि प्रयोग, गुणस्तरीय शिक्षण सामग्री, शिक्षक क्षमता विकास तथा विद्यार्थीको सीप विकासमार्फत शिक्षाको गुणस्तर सुधार गर्ने ,
- सबै नागरिकलाई सहज, सुलभ र प्रभावकारी आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य चौकी तथा इकाइमा आवश्यक जनशक्ति, औषधि, उपकरण र पूर्वाधारको व्यवस्था गर्ने ,
- विकास कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्दा सरोकारवालाहरु बीच समन्वय कायम गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्त्व बढाई सुशासनको प्रत्याभूति दिने,
- सन्तुलित, समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, समुदाय र जातजातिको श्रोत साधनमा सहज पहुँच सुनिश्चितता गर्ने,

- स्थानीय कृषकलाई आधुनिक कृषि प्रविधि, उन्नत बीउबिजन, आवश्यकताका आधारमा सिँचाइ, कृषि उपकरण तथा डिजिटल कृषि सूचनाको पहुँच विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रसार मार्फत पर्यटन प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गरि पर्यटनलाई आर्थिक विकाससंग जोड्ने,
- स्वच्छ सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्वन्धी चेतनाको अभिबृद्धि गरी दीर्घकालीन लक्ष्य प्राप्तिमा टेवा पुर्याउने,
- आवधिक योजना, मध्यमकालिन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम संग तादम्यता मिलाउने ।

## २.३ सभाध्यक्ष महोदय

सभाका सदस्यज्यूहरु

अव म आगामी आर्थिक वर्षका क्षेत्रगत मुख्य-मुख्य कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न गइरहेको छु।

## १. कृषि विकास क्षेत्र

कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार, गुणस्तरीय बीउबिजनको उपलब्धता, आधुनिक कृषि प्रविधि प्रयोग तथा कृषकलाई आवश्यक प्राविधिक सहयोग प्रदान गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## २. पर्यटन क्षेत्र

पर्यटकीय क्षेत्र रामारोशनलाई फोहरमुक्त बनाउनका लागि सरसफाई सप्ताह संचालन गर्न, रामे क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न र पर्यटन प्रवर्द्धन, प्रचार-प्रसार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु । जिल्ला स्तरीय क्रिकेट प्रतियोगिता संचालन मार्फत पर्यटन प्रवर्दनमा टेवा पुग्नेगरि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

## ३. उर्जा क्षेत्र

पालिकाभर राष्ट्रिय विद्युत् प्रसारण लाइन विस्तार गर्न आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ र प्रत्येक विद्यालयमा विद्युत् पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

## ४. शिक्षा क्षेत्र

रामारोशनको शैक्षिक गुणस्तर अभिवृद्दी गर्नका लागि शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन आवश्यक बजेट विनियोजन गरेको छु । संघीय विशेष अनुदान अन्तरगत युग अनुसारको प्रविधिमैत्रि शिक्षाको लागि आइ.सि.टि. ल्याव व्यवस्थापनको लागि रु. १ करोड ८० लाख विनियोजन गरेको छु । त्यसै गरि विद्यालयका शैक्षिक पूर्वाधार निर्माणका

लागि संघीय समपुरक अनुदान क्रमागत अन्तरगत १ करोड ४७ लाख, ससर्त अनुदान अन्तर्गत ६० लाख र थप गाउँपालिकाको तर्फबाट समपूरक रकम विनियोजन गरेको छ।

## ५. लक्षित वर्ग क्षेत्र

सामाजिक समावेशीकरण र लैङ्गिक समानतालाई प्राथमिकता दिँदै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा पछाडि परेका समुदायको आवश्यकता सम्बोधन हुने गरी बजेट विनियोजन गरेको छ।

## ६. सामाजिक सुरक्षा तथा पञ्जीकरण

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापनलाई प्रविधिमैत्री, व्यवस्थित र प्रभावकारी बनाउन क्षमता विकास तथा तालिम कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

## ७. पूर्वाधार विकास क्षेत्र

पूर्वाधार क्षेत्र तर्फ (सडक, खानेपानी, सिचाई, भवन तथा अन्य) विकास निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छ । गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि रु १ करोड विनियोजन गरेको छ र संघीय हिस्साको बजेटका लागि आवश्यक पहल गरिनेछ। वडा नं ३ र ६ को वडा कार्यालय निर्माणको लागी आवश्यक बजेट , वडा नं २ को स्वास्थ्य चौकी निर्माणमा आवश्यक बजेट र झोलुङ्गे पुल निर्माणका लागि रु ४० लाख बजेट विनियोजन गरेको छ । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत विपन्न, जोखिममा रहेका तथा कमजोर अवस्थाका परिवारलाई सुरक्षित र व्यवस्थित आवास निर्माण सुधारका/कार्य गरि नागरिकको जीवनस्तर सुधार गर्न रु. ३० लाख बजेट विनियोजन गरेको छ

## ८. स्वास्थ्य क्षेत्र

स्वास्थ्य चौकी र सामूदायिक स्वास्थ्य इकाइ मार्फत आधारभूत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि औषधि तथा स्वास्थ्य सामाग्री खरिदमा आवश्यक बजेट विनियोजन गरेको छ । गाउँपालिकामा मातृ तथा बाल पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण योजनामा आवश्यक बजेट विनियोजन गरेको छ । पालिकामा एकिकृत स्वास्थ्य शिविर संचालन गर्न आवश्यक रकम व्यवस्थापन गरेको छ । शुन्य होम डेलिभरी र शुन्य मातृ मृत्यु कायम गर्न कार्यक्रम संचालनका लागि बजेट विनियोजग गरेको छ । स्वास्थ्य स्वयंमसेविकालाई प्रोत्साहन रकमका लागि बजेट विनियोजन गरेको छ ।

## ९. खानेपानी, सिचाई तथा जलवायू अनूकुलन तर्फ

स्वच्छ खानेपानीः स्वस्थ्य जिन्दगानी भन्ने नारा सहित खानेपानी, सिँचाइ तथा जीविकोपार्जनका क्रियाकलाप संचालन गर्न जलवायु परिवर्तनका लागि स्थानीय अनुकूलन परियोजना (LACC) मा साझेदारीका लागि रु. १ करोड १० लाख विनियोजन गरेको छु ।

## १०. विपद् व्यवस्थापन क्षेत्र

विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि राहत तथा उद्धार सामग्री व्यवस्थापन, प्रभावित नागरिकलाई तत्काल आर्थिक सहयोग तथा राहत वितरण, विपद् सचेतना कार्यक्रम, र जोखिमयुक्त क्षेत्रको संरक्षणका कार्यमा बजेट विनियोजन गरेको छु ।

## ११. सुशासन तथा संस्थागत विकास क्षेत्र

पालिकाको सेवा प्रवाहलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन सुशासन, संस्थागत विकास तथा प्रशासनिक खर्चका लागि रु. १० करोड ६७ लाख ९७ हजार वजेट विनियोजन गरेको छु ।

## १२. उद्यम विकास क्षेत्र

स्थानीय स्रोत, सीप र अवसरको उपयोग गर्दै उद्यमशीलता विकास, प्रविधि हस्तान्तरण तथा सीपमूलक तालिमका कार्यक्रम सञ्चालन गरी स्वरोजगार र स्थानीय रोजगारी सिर्जना गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

स्थानीय उत्पादनमा आधारित रामारोशन ‘सोमरस’ ब्रान्डको विकास, प्रवर्द्धन, प्याकेजिङ तथा बजार विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## १३. पोषण कार्यक्रम

बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन तथा साझेदारी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**२.३ सभा अध्यक्षज्यू**
**गाउँसभा सदस्य ज्यूहरु**

अव म आगामी आर्थिक वर्षको लागि अनुमानित आय र व्ययको सारांश प्रस्तुत गर्न चाहन्छु।

**<u>आय तर्फ:</u>**

| क्र.सं. | आय शीर्षक | | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय सरकारबाट प्राप्त आय | समानीकरण अनुदान | ९,५६,००,००० | ९ क.५६ लाख |
| | | सशर्त अनुदान | २५,१९,००,००० | २५ क. १९ लाख |
| | | विशेष अनुदान | १,८०,००,००० | १ क. ८० लाख |
| | | समपूरक अनुदान | २,५२,००,००० | २ क. ५२ लाख |
| २ | सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त आय | समानीकरण अनुदान | ८५,८१००० | ८५ लाख ८१ हजार |
| | | सशर्त अनुदान | १३,६०,००,००० | १३ क. ६० लाख |
| | | विशेष अनुदान | ० | |
| | | समपूरक अनुदान | ० | |
| ३ | राजस्व बाँडफाँड | संघीय राजश्व(मु.अ कर/अन्तशुल्क) | १०,७५,७३,००० | १० क. ७५ लाख ७३ हजार |
| | | प्रदेश राजश्व(सवारी साधन कर) | ३२,२४,००० | ३२ लाख २४ हजार |
| ४ | आन्तरिक स्रोत | गत आ.व को अल्या/ अनुमानित आन्तरिक राजस्व | ३,७८,१९,००० | ३ क. ७८ लाख १९ हजार |
| **जम्मा** | | | **६८,३८,९७,०००** | **६८ क. ३८ लाख ९७ हजार** |

**यसै गरि आगामी वर्षको अनुमानित व्ययको सारांश प्रस्तुत गर्न चाहान्छु ।**

**<u>व्यय तर्फ:</u>**

| क्र.सं. | व्यय शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा, युवा तथा खेलकुद शाखा | 39000000 | ३ करोड ९० लाख |
| २ | स्वास्थ्य शाखा | 12000000 | १ करोड २० लाख |
| ३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक इकाइ | 1500000 | १५ लाख |
| ४ | कृषि इकाइ | 1000000 | १० लाख |
| ५ | पशु सेवा विकास इकाइ | 800000 | ८ लाख |
| ६ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | 106797000 | १० क. ६७ लाख ९७ हजार |

| | | | |
|---|---|---|---|
| ७ | राष्ट्रिय रोजगार कार्यक्रम | 800000 | ८ लाख |
| ८ | पंजिकरण इकाइ | 250000 | २लाख ५० हजार |
| ९ | वडागत सिलिङ्ग | 14300000 | १ क. ४३ लाख |
| १० | न्यायीक समिति | 1000000 | १० लाख |
| ११ | अध्यक्ष लक्षित कार्यक्रम | 4000000 | ४० लाख |
| १२ | उपाध्यक्ष लक्षित कार्यक्रम | 3000000 | ३० लाख |
| १३ | प्रशासकीय भवन निर्माण | 10000000 | १ करोड |
| १४ | संघीय समपूरक कोष | 4800000 | ४८ लाख |
| १५ | LACC परियोजना साझेदारी | 11000000 | १ करोड १० लाख |
| १६ | वडा नं. ३ र ६ वडा कार्यालय | 10000000 | १ करोड |
| १७ | क्रमागत आयोजनाहरु (स्वास्थ्य इकाइ ठेक्का) | 1500000 | १५ लाख |
| १८ | भुक्तानी बाँकी दायित्व | 12000000 | १ करोड २० लाख |
| १९ | बहुक्षेत्रीय पोषण कार्यक्रम साझेदारी | 500000 | ५ लाख |
| २० | लघु उद्यम विकास इकाइ | 200000 | २ लाख |
| २१ | शिक्षक त.भ दायित्व | 8200000 | ८२ लाख |
| २२ | २ नं स्वास्थ्य चौकि भवन निर्माण | 5000000 | ५० लाख |
| २३ | सडक सरसफाइ पुर्णचन्द्र विद्यालय र अन्य आयोजना | ५१५०००० | ५१ लाख ५० हजार |
| २४ | संघीय सशर्त अनुदान | 251900000 | २५ क. १९ लाख |
| २५ | संघीय विशेष अनुदान | 18000000 | १ क. ८० लाख |
| २६ | संघीय समपूरक अनुदान | 25200000 | २ क. ५२ लाख |
| २७ | प्रदेश सशर्त अनुदान | 136000000 | १३ क. ३६ लाख |
| | जम्मा | **६८,३८,९७,०००** | ६८ क. ३८ लाख ९७ हजार |

**२.४ सभा अध्यक्षज्यू**
**गाउँ सभा सदस्यज्यूहरु**

सम्मानित गाउँसभावाट पारित योजना तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि कार्यतालिका बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु। गाउँपालिकाको लक्ष्य प्राप्तिमा केन्द्रित रहन जनप्रतिनिधि र कर्मचारीवीच निरन्तर अन्तरक्रिया गर्ने र कर्मचारीको क्षमता विकासका लागि कार्यसम्पादनसँग सम्वन्धित तालिमको आयोजना गरिनेछ।

बजेट कार्यान्वयनमा आर्थिक अनुशास सुशासन र मितव्ययिताका मुलभुत सिद्धान्तलाई आत्मसाथ गर्दै वित्तीय अनुशासनलाई जोड दिइनेछ। सार्वजनिक सुनुवाई तथा अनुगमन मूल्याङ्कन गरि बजेटको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ। कर प्रणालीलाई व्यवस्थित बनाई नागरिकलाई करप्रति सचेत बनाउन हामिले तिरेको कर हाम्रै विकासका लागि भन्ने भावनाको विकास गर्दै प्रविधिमा आधारित प्रगतिशिल कर प्रणाली लागु गर्ने व्यवस्था मिलाइने छ, करदाताहरुसँग सहकार्य गर्दै नागरिकमैत्री कर प्रणालीलाई जोड दिइने छ।

उपरोक्त कार्यक्रम तथा बजेट सम्बन्धमा सभाका सम्पूर्ण सदस्यहरुको रचनात्मक, सल्लाह र सुझावको अपेक्षा गरेको छु। गाउँपालिकामा उपलब्ध स्रोत र साधनले धान्न नसकेका आयोजनाहरुलाई संघीय सरकार तथा प्रदेश सरकारमा पठाइनेछ। गाउँपालिकाको समष्टिगत विकासको लागि गाउँपालिकाबासी सरोकारवाला सबैको चासो र सहभागिता जरुरी छ। तसर्थ सहभागितामूलक योजना छनोट प्रक्रियामा बस्तीस्तर देखि नै सरोकारवालाहरुले छनोट गरी वडा समिति मार्फत प्राथमिककरण गरी आएका योजना तथा कार्यक्रमलाई गाउँकार्यपालिकाले समेत प्राथमिकताको आधार बनाएको छ। आर्थिक वर्ष २०८३।०८४ को बजेट तयार गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुर्याउनु हुने वडा अध्यक्षज्यूहरु, योजना तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, लगायत सम्पूर्ण कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

सिमित स्रोत, साधनलाई अधिकतम सदुयोग गर्न तथा रचनात्मक सुझावका लागि सबैसँग हार्दिकता पुर्वक आग्रह गर्दछु। हामीले प्रस्ताव गरेका नीति, कार्यक्रम र बजेटका सन्दर्भमा विनियोजन विधेयक, २०८३ का रुपमा यसै गाउँसभा पेश हुनेछ र दफावार रुपमा छलफल, बहस गरी विधेयकलाई पास गरी विनियोजन ऐनको रुपमा सरोकारवाला सबैलाई उपलब्ध गराइनेछ। अन्तमा, बजेट तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सबै आदरणीय महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

**जय, रामारोशन।**

**सिर्जना देवी बुढा**
**उपाध्यक्ष**
**रामारोशन गाउँपालिका**
**२०८३/०३/३२**